इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः१ मितिः
२०८०।०१।०५

## भाग-२

इच्छाकामना गाउँपालिका

वालिका बिकास सम्बन्धी कार्यविधि २०७५(पहिलो संशोधन), २०८०

## इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

# वालिका बिकास सम्बन्धी कार्यविधि २०७५(पहिलो संशोधन), २०८०

प्रथम संशोधन :२०८०।०१।०५

**प्रस्तावना :**

इच्छाकामना गाउँपालिकाको वालिका बिकास सम्बन्धी कार्यविधि २०७५(यस पछि मूल कार्यविधि भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

इच्छाकामना गाँउपालिकाको कार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस कार्यविधिको नाम :"वालिका बिकास सम्बन्धी कार्यविधि २०७५ (पहिलो संशोधन), २०८०" रहेको छ।

(१)यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **मुल कार्यविधिको बिभिन्न स्थानमा रहेको "वर्थथिङ्ग सेन्टरमा जन्मने बालिका" वाक्याशं को सट्टामा संशोधन** : मूल कार्यविधिको विभिन्न स्थानमा रहेका वर्थथिङ्ग सेन्टरमा जन्मने बालिका को सट्टा "वर्थथिङ्ग सेन्टरमा जन्मने वा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट रिफर गरी अन्य स्वास्थ्य संस्थामा जन्मने वालिका" भन्ने वाक्याशं कायम गर्ने।

३. **मूल कार्यविधिको दफा ३ को उपदफा (घ) थप** :मुल कार्यविधिको दफा ३ को उपदफा **(ग)** पश्चात देहाय बमोजिम उपदफा (घ) थपिएको छ।

बालिका विकास सम्बन्धि सहयोग प्राप्त गर्न ३५ दिन भित्र जन्म दर्ता गरी ४५ दिन भित्र गाउँपालिकाको कार्यालयमा रित पुर्वकको निवेदन दर्ता गरेको हुनुपर्ने।

आज्ञाले,

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत